अनुसूची-१६
(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

# श्री झिलिबाङ सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी गाउँपालिका वडा नं.-१, प्यूठान

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

## प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०५।२९

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व.०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान गरि उत्पादन भएका सामुदायिक वनको गुहेखोल्सी र रातामाटे चौपारी घाटगगद्दी गरी राखेको तपसिल बमोजिमका वन पैदावारहरु श्री डिभिजन वन कार्यालय प्यूठानको च.नं.१५०, मिती २०८३।०५।२६ गतेको लिलाम सहमती प्राप्त भएकोले जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्यमी/ काष्ठको कारोवार गर्ने सूचिकृत फर्महरुले यो सूचना मिति २०८३/०५/२९ गतेको नयाँ युगवोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ

तपसिल

१. क) लिलाम सम्बन्धि वन पैदावारको विवरण

| लट नं. | सि.नं. | जात | थान | ग्रेड | परिमाण क्यू.फिट | न्यूनतम मूल्य रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/०८२-०८३ | १ | खयर | ७८७ | | १३८१.३१ | १६५७५७२ | |
| | २ | दाउरा | साल चट्टा | | ५.५ | ६६००० | |
| | | | साल बाहेक मिश्रित चट्टा | | ३ | १२००० | |
| | कुल रकम जम्मा | | | | | १७३५५७२ | |
| २/०८२-०८३ | १ | अस्ना | ३१ | A | ५१८.२१ | २०७२८४ | |
| | | अस्ना | १६ | B | १४८.९९ | ४४६९७ | |
| | | अस्ना | २५ | C | १२२.४५ | १२२४५ | |
| | जम्मा | | ७२ | | ७८९.६५ | २६४२२६ | |
| | २ | कर्मा | १ | B | ५.४३ | १६२९ | |
| | | कर्मा | ९ | C | २४.५१ | २४५१ | |
| | जम्मा | | १० | | २९.९४ | ४०८० | |
| | ३ | पियार | ६ | | २२.४७ | २२४७ | |
| | ४ | वैदारो | ३ | | १२.३ | १२३० | |
| | ५ | खयर | ४३७ | | ६००.५ | ७२०६०० | |
| | कुल जम्मा | | ५२८ | | १४५४.८६ | ९९२३८३ | |

ख) खरिद मिति २०८३/०६/१८ कार्यालय समयभित्र

ग) दाखिला मिति २०८३/०६/१९ गते दिनको १२.०० बजे

घ) वोलपत्र खोल्ने २०८३/०६/१९ दिनको २.०० बजे

*नोटः- १. वोलपत्र खरिद, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट खरिद, दाखिला र खोलिनेछ।*

२. वोलपत्रसाथ कवुल गरेको रकमको १०%(प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१८५१००००१ (JHILIBANG SHA. BA. U. SHA.) मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर समावेश भएको हुनुपर्नेछ वा बैंक ग्यारेन्टी समावेश गर्न सकिनेछ। अन्यथा वोलपत्र मूल्याँकनमा समावेश गरिने छैन।

३. सकारकर्ताले सकार रकममा संकलन खर्च वोलपत्रमा उल्लेख भए वमोजिम थप वुझाउनु पर्नेछ।

CamScanner

अनुसूची-१६
(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

# श्री झिलिबाङ सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी गाउँपालिका वडा नं.-१, प्यूठान

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

४. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान/भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नायाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा

५. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्नेछ ।

६. रित पूर्वक पर्न आएका, दाखिला भएका बोलपत्रहरू यस उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य सरकारी कार्यालयको रोहवरमा खोलिने छ । बोलपत्र खोलिने दिन सकार कर्ताहरू उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

७. खोलिएका वोलपत्रहरु नियम अनुसार मूल्याँकन गरी लिलाम स्वीकृत भई डि. व .का. प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कर तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ ।

८. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई हुनेछ ।

१०. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

अध्यक्ष

CamScanner



**हरियाली धान खेतको फाँट र बस्ती** : घोराही उपमहानगरपालिका-१५ स्थित रतनपुरमा देखिएको हरियाली धान खेत र बस्ती ।

*तस्बिर: कुलदीप न्यौपाने*

# देउवा पक्षले तोक्यो निर्वाचन समिति संयोजक

काठमाडौं, २८ भदौ (युस)- नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षले महाधिवेशनका लागि निर्वाचन संयोजक तोकेको छ ।

यस्तै आगामी मंसिर २१ देखि २३ गतेसम्मका लागि १५ औं महाधिवेशनको मिति तय गरेको छ । महाधिवेशनका लागि निर्वाचन समितिको संयोजकमा एगराज पोखेललाई तोकिएको छ । कानुन व्यवसायी पोखेल १४ औं महाधिवेशनमा निर्वाचन समितिका सदस्य हुनुहुन्थ्यो ।

# एउटै खेलमा सन्दीपको नाममा तीन उपलब्धि

**युगबोध समाचारदाता**

काठमाडौं, २८ भदौ । नेपाली एक दिवसीय टोलीका कप्तान सन्दीप लामिछानेले अन्तरराष्ट्रिय क्रिकेटमा ३०० विकेट पूरा गर्ने पहिलो बलरको उपलब्धि हासिल गरेका छन् ।

एसिसी प्रिमियर कपअन्तर्गत शनिबार युनाइटेड अरब इमिरेट्स (युएई) सँगको फाइनल खेलमा एक विकेट लिएसँगै उनले यो उपलब्धि हासिल गरेका हुन् । सन्दीपले हालसम्म एक दिवसीयमा १५८ र टी-२० आई क्रिकेटमा १४२ विकेट लिएका छन् । उनले अहिलेसम्म एक दिवसीयमा ७९ र टी-२० आईमा ७८ वटा खेल खेलेका छन् । सन्दीपले विदेशी मैदानमा एसिसी प्रिमियर कपको उपाधि जिताउने नेपाली कप्तानको उपलब्धि पनि आफ्नो नाममा गरेका छन् ।



सन् २०२३ मा आयोजित एसिसी प्रिमियर कपको उपाधि नेपालले घरेलु मैदानमा जितेको थियो । त्यतिबेला नेपाली टोलीको कप्तानी रोहितकुमार पौडेलले गरेका थिए । कप्तान लामिछाने एक दिवसीय एसिसी प्रिमियर कपमा लगातार दोस्रोपटक 'प्लेयर अफ द सिरिज' घोषित हुने पहिलो खेलाडीसमेत बनेका छन् । उनी सन् २०२३ को संस्करणमा पनि उत्कृष्ट खेलाडी चुनिएका थिए । उक्त संस्करणको प्रिमियर कपमा सन्दीपले ५५ रन बनाउनुका साथै १३ विकेट लिएका थिए ।

यसपालि उनले थप उत्कृष्ट प्रदर्शन गरे । सन्दीपले एसिसी प्रिमियर कप २०२६ मा छ खेलमा २.९८ को शानदार इकोनमी रेटमा सबैभन्दा बढी १७ विकेट लिए । नेपालले दोस्रो एसिया कपमा स्थान बनाउन उनको योगदान महत्वपूर्ण रह्यो ।

# दुर्घटनामा तीनजना घाइते

तुलसीपुर, २८ भदौ (युस)- तुलसीपुरमा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किदा तीनजना घाइते भएका छन् । ग्वारखोलातर्फ जाँदै गरेको रा ५ प ८१६२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको रा ६ प ९५८२ नम्बरको मोटरसाइकल आइतबार साँझ तुलसीपुर-६ हात्तीखौवामा आपसमा ठोक्किदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा रा ५ प ८१६२ नम्बरको मोटरसाइकल चालक तुलसीपुर-७ तमाखेका २० वर्षीय अरुण भुसाल, रा ६ प ९५८२ नम्बरको मोटरसाइकल चालक तुलसीपुर-४ खाद्रेका ३८ वर्षीय दीपक खड्का र सुनिल खड्का घाइते भएको इलाका प्रहरी कार्यालय तुलसीपुरले जनाएको छ । घाइते तीनैजनाको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भइरहेको छ ।

# जीप दुर्घटनामा दुईको मृत्यु, नौजना घाइते

**युगबोध समाचारदाता**

रुकुम पश्चिम, २८ भदौ । रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-६ को देउता खोलामा जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

आइतबार बिहान वडा नं. ६ को कोटगाउँबाट गाउँपालिकाको केन्द्र सानीभेरी-९ सिम्ली हुँदै खलंगातर्फ आउँदै गरेको लु १ च ६०२९ नम्बरको जीप दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वेदबहादुर पौडेलले जीप दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको जानकारी दिनुभयो । मृत्यु हुनेमा जीप चालक त्रिवेणी गाउँपालिका-१ रुघाका सुन्दर खड्का मगर र सानीभेरी-६ की अन्दाजी १६ वर्षीया प्रेमकला पुनको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा चारजना गम्भीर घाइते भएका प्रहरी नायव उपरीक्षक पौडेलले जानकारी गराउनुभयो ।

जीपमा १३ जना सवार थिए । तीमध्ये पाँचजना घाइतेको अवस्था भने मध्यम छ । पालिकाले खर्च बेहोर्ने गर्ने गरी गम्भीर घाइतेको नेपाली सेनाको हेलिकप्टरबाट सुर्खेत लगिएको सानीभेरी गाउँपालिकाका अध्यक्ष विर्खबहादुर विष्टले जानकारी दिनुभयो ।

# बाँकेमा दुई हजार आठ सय बढी नयाँ रोजगारी सिर्जना

**युगबोध समाचारदाता**

बाँके, २८ भदौ । जिल्लामा गत आर्थिक वर्षमा दर्ता भएका नयाँ घरेलु उद्योग तथा वाणिज्य फर्महरूबाट दुई हजार ८ सयबढी नयाँ रोजगारी सिर्जना भएका छन् ।

जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा उद्योग तथा वाणिज्य प्रशासनअन्तर्गत दर्ता भएका ६२७ उद्योग र ६२६ वाणिज्य फर्मबाट दुई हजार ८६१ जनाले नयाँ रोजगारी पाएका घरेलु तथा साना उद्योग कार्यालय बाँकेका निमित्त प्रमुख उद्योग अधिकृत मोहन घर्ती मगरले जानकारी दिनुभयो । उहाँका अनुसार एक हजार ६८८ पुरुष र एक हजार १७३ महिलाका लागि रोजगारी सिर्जना भएको हो । यो अवधिमा ४३६ पुरुष र २३७ महिला गरी ६७३ जना नयाँ उद्यमी उत्पादन भएका छन् ।

गत आवमा ६२७ नयाँ उद्योग दर्ता भएसँगै बाँकेमा कुल उद्योग संख्या १५ हजार ८०७ पुगेको छ । यस अवधिमा एक हजार १०१ उद्योग नवीकरण भएका छन् भने २६५ उद्योग खारेजीमा परेका अधिकृत घर्ती मगरले जानकारी दिनुभयो । आव २०८१/८२ मा ६५७ दर्ता, एक हजार ४२ नवीकरण र ३०९ खारेजी भएका थिए । वाणिज्यतर्फ ६२६ नयाँ फर्म दर्ता भई कुल दर्ता संख्या २१ हजार ९८० पुगेको छ । एक हजार ६८८ फर्म नवीकरण र ३५६ फर्म खारेज भएका निमित्त प्रमुख उद्योग अधिकृत घर्ती मगरले बताउनुभयो । आव २०८१/८२ मा ७१२ दर्ता, एक हजार ६६१ नवीकरण र ५२७ खारेजी भएका थिए ।

कार्यालयले व्यावसायिक नियमन तथा गुणस्तर कायम राख्न वर्षभरिमा सातपटक बजार अनुगमन र ११ पटक उद्योग निरीक्षण गरेको उहाँले जानकारी दिनुभयो । मगरका अनुसार आव २०८२/८३ मा कार्यालयका लागि विनियोजित कुल बजेट तीन करोड तीन लाख ९२ हजार रहेकामा कुल खर्च दुई करोड २५ लाख १२ हजार ९५० भएको छ । समग्र रूपमा यस कार्यालयको कुल वित्तीय प्रगति ७४ दशमलव शून्य आठ प्रतिशत हासिल भएको छ । गत आर्थिक वर्षमा कुल राजस्व संकलन एक करोड ६३ लाख सात हजार ७९५ भएको उद्योग अधिकृत घर्ती मगरले जानकारी दिनुभयो । अघिल्लो आवमा एक करोड ९७ लाख ३१ हजार ७८५ राजस्व संकलन भएको थियो । राजस्व संकलन घट्नुको मुख्य कारण उद्योग तथा वाणिज्यको नयाँ दर्तामा आएको सामान्य शिथिलता, स्थानीय तहमा दर्ता शुरुवात, प्रदेश सरकारबाट भएको छुट सुविधा र खारेजीमा वृद्धि हुनुलगायत रहेका निमित्त प्रमुख उद्योग अधिकृत घर्ती मगरको भनाइ छ ।

## अब....

'यस्तो अवस्थामा ब्रिक्स देशहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्दै विकासशील देशहरूलाई एकजुट गर्नुपर्ने र विश्वमा शान्ति तथा स्थिरता कायम गर्न सकारात्मक शक्तिका रूपमा काम गर्नुपर्छ'- उहाँले भन्नुभयो । यस्तै, सीले नियमबिनाको विश्व 'अराजकता र अव्यवस्था'तर्फ जाने जोखिम रहने भन्दै अन्तर्राष्ट्रिय नियम सबै देशको सहभागितामा निर्माण हुनुपर्ने बताउनुभयो ।

'नियमबिनाको विश्व ट्राफिक बत्ती नभएको चोकजस्तै हो, जहाँ अराजकता र अव्यवस्था लगभग निश्चित हुन्छ'- उहाँले भन्नुभयो- 'निष्पक्षता र न्याय विश्वव्यापी आकांक्षा हो र अन्तर्राष्ट्रिय नियम सबै देशले मिलेर बनाउनुपर्छ ।'

# ब्राउन सुगरसहित चारजना पक्राउ

**युगबोध समाचारदाता**

तुलसीपुर, २८ भदौ । तुलसीपुरबाट लागूऔषध ब्राउनसुगरसहित चारजना पक्राउ परेका छन् । प्रहरीका अनुसार हेयर सैलुन सञ्चालक तुलसीपुर-११ का १९ वर्षीय दीपक विकसहित तुलसीपुर-१२ का २१ वर्षीय आकाश चौधरी, २४ वर्षीय ध्यानी बाँठा मगर र तुलसीपुर-११ का २० वर्षीय राजन केसी पक्राउ परेका छन् ।

पक्राउ परेकाहरुको साथबाट ३ ग्राम १ सय ४० मिलिग्राम र सैलुनको घर्रामा लुकाइराखेको अवस्थामा १३ ग्राम ३ सय ३० मिलिग्राम गरी जम्मा १६ ग्राम ४ सय ७० मिलिग्राम ब्राउन सुगर बरामद भएको छ । तुलसीपुर-११ उरहरीस्थित एक हेयर सैलुनमा लागूऔषध बिक्री वितरण भइरहेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय तुलसीपुर र प्रहरी चौकी जसपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले छापा मारेको हो । पक्राउ परेका चारैजनालाई दाङ जिल्ला अदालत घोराहीबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सुपो भान्सा घर उद्घाटन

घोराही, २८ भदौ (युस)- युवा व्यवसायी दर्जित रोका मगर र मिलन डाँगीले संयुक्तरुपमा सञ्चालनमा ल्याउनुभएको सुपो भान्सा घर घोराही-१७ गैरागाउँ उखुबारीमा उद्घाटन गरिएको छ ।

सञ्चालक नन्दबहादुर डाँगीको अध्यक्षता एवं १०२ वर्षीय ज्येष्ठ नागरिक बरमान रोका मगरको प्रमुख आतिथ्यतामा आईतबार उद्घाटन गरिएको थियो । दुई करोड लगानीमा स्थापना गरिएको सुपो भान्सा घर उद्घाटन अवसरमा होटल व्यवसायी महासंघ लुम्बिनी प्रदेश उपाध्यक्ष दीपेन्द्र पुन मगर, दाङ देउखुरी होटल व्यवसायी समितिका अध्यक्ष ईश्वरकुमार बुढा मगर, नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य टोपबहादुर घर्ती मगर, नेकपा माओवादी रोल्पा इन्चार्ज सम्झना सी, रास्वपा दाङका सहसचिव प्रमिला रोका मगर, मंगोल नेशनल अर्गनाइजेशनका जिल्ला अध्यक्ष निर्मल थापा, रोल्पाली सेवा समाजका केन्द्रीय अध्यक्ष डिलाराम वली, नेपाल मगर संघ लुम्बिनी प्रदेश अध्यक्ष खलुप्रसाद पुन, घरेलु महासंघका अध्यक्ष लव अधिकारी, थबाङ समाजका अध्यक्ष भीमप्रकाश झाँक्री, कोटगाउँले समाजका अध्यक्ष टेकबहादुर वली, रोल्पाली सेवा समाज दाङका अध्यक्ष ओमप्रकाश खड्का, प्रमुख सल्लाहकार पदम केसीले शुभकामना व्यक्त गर्नुभएको थियो ।

# एसियाली खेलकूदका लागि नेपालको क्रिकेट टोली घोषणा

काठमाडौं, २८ भदौ (युस)- जापानमा आगामी असोजमा हुने २० औं संस्करणको एसियाली खेलकूद प्रतियोगिताका लागि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरिएको छ । नेपाल ओलम्पिक कमिटीले आइतबार दीपेन्द्रसिंह ऐरीको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो ।

टोलीका अन्य सदस्यमा रोहितकुमार पौडेल, सन्दीप लामिछाने, आसिफ शेख, कुशल भुर्तेल, आरिफ शेख, लोकेश बम, सन्दीप जोरा, सोमपाल कामी, करण केसी, गुल्शनकुमार झा, कुशल मल्ल, नन्दन यादव, ललितनारायण राजवंशी र शेर मल्लले रहेका छन् । टोलीको मुख्य प्रशिक्षकमा स्टुअर्ट ल रहनुभएको छ ।

**लग अन गर्नुहोस्**
www.nayayougbodh.com

**युगबोध ई-पेपरमा हेर्नुहोस्।**
http://issuu.com/yougbodh


# दाङ जिल्ला उद्योग वाणिज्य संघ
## निर्वाचन समिति-२०८३

दाङ जिल्ला उद्योग वाणिज्य संघको मिति २०८३/०६/११ गते हुने कार्यसमिति निर्वाचनका लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीका लागि सूचित गरिन्छ ।

**निर्वाचन कार्यक्रम**

१. **मतदाताको प्रथम नामावली प्रकाशन**: मिति २०८३/०५/२९ गते बिहान ११:३० बजे
२. **मतदाताको प्रथम नामावली उपर दावी विरोध**: मिति २०८३/०५/३० गते बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म
३. **मतदाताको प्रथम नामावली उपर दावी विरोधमा छानविन/संशोधन**: मिति २०८३/०५/३० गते दिउँसो ३:०० बजेदेखि बेलुका ५:०० बजेसम्म ।
४. **मतदाताको अन्तिम नामावली प्रकाशन**: मिति २०८३/०६/०१ गते दिउँसो १२:०० बजे
५. **उम्मेदवारी फर्म वितरण र उम्मेदवारी दर्ता**: मिति २०८३/०६/०२ गते बिहान ११:०० बजेदेखि बेलुका ४:०० बजेसम्म ।
६. **उम्मेदवारको प्रथम नामावली प्रकाशन**: मिति २०८३/०६/०२ गते बेलुका ५:३० बजे
७. **उम्मेदवारी उपर दावी विरोध**: मिति २०८३/०६/०३ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म ।
८. **दावी विरोधमा छानबिन**: मिति २०८३/०६/०३ गते दिउँसो ३:०० वजेदेखि बेलुका ५:०० बजेसम्म ।
९. **छानविन पछिको उम्मेदवारको नामावली प्रकाशन**: मिति २०८३/०६/०३ गते बेलुका ५:३० बजेसम्म ।
१०. **उम्मेदवारी फिर्ता**: मिति २०८३/०६/०४ गते बिहान १०:०० बजेदेखि मिति २०८३/०६/०५ गते दिउँसो १:०० बजेसम्म ।
११. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन**: मिति २०८३/०६/०५ गते दिउँसो ४:०० बजेसम्म ।
१२. **मतदान कार्यक्रम**: मिति २०८३/०६/११ गते बिहान ८:३० बजेदेखि बेलुका ५:०० बजेसम्म ।
१३. **मतदान स्थल**: दाङ जिल्ला उद्योग वाणिज्य संघको बहुउद्देश्यीय सभागृह, घोराही-१४, दाङ
१४. **मतगणना**: मतदान सम्पन्न भए पश्चात
१५. **मतगणना स्थल** : दाङ जिल्ला उद्योग वाणिज्य संघको बहुउद्देश्यीय सभागृह, घोराही-१४, दाङ
१६. **निर्वाचन परिणाम घोषणा**: मतगणना सम्पन्न भए पश्चात ।

**पुनश्च नोट** :
क) माथि कम संख्या १ देखि १६ सम्म लेखिएका निर्वाचन सम्बन्धी कार्यक्रमहरु दाङ जिल्ला उद्योग वाणिज्य संघ सचिवालयलाई नै निर्वाचन समितिको कार्यालय कायम गरी सोही स्थानबाट निर्वाचनका कार्यक्रम गरी मतदान र मतगणना दाङ जिल्ला उद्योग वाणिज्य संघको बहुउद्देश्यीय सभागृहबाट कार्य सम्पन्न गरिनेछ ।
ख) उम्मेदवारी दर्ता गर्नका लागि उम्मेदवार हुन चाहने व्यक्तिले संघबाट जारी भएको सदस्यता प्रमाणपत्रको प्रतिलिपीसहित उम्मेदवारी फारम साथ पेश गर्नुपर्नेछ ।
ग) मतदाताले मतदान गर्न आउँदा अनिवार्यरुपमा संघबाट जारी गरिएको प्रमाणपत्र वा नेपाल सरकारबाट जारी भएको कुनै परिचय खुल्ने प्रमाणसहित उपस्थिति हुनुपर्नेछ अन्यथा मतदान गर्न पाइने छैन ।

**रेवतीरमण भट्टराई**- संयोजक निर्वाचन समिति



# श्री झिलिबाङ सामुदायिक वन उपभोक्ता समूह
**सरुमारानी गाउँपालिका वडा नं.-१, प्युठान**

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३।०५।२९

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएका सामुदायिक वनको (गुहेखोल्सी र रातामाटे चौपारी) घाटगद्दी स्थलमा घाटगगद्दी गरी राखेको लट नं.१ को (खयर, असना जातको गोलिया थान ५२८ को १४५४.८६ क्यु.फिट.) र लट नं. २ को (खयर जातको गोलिया थान ७८७ को १३८१.३१ क्यु.फिट. काठ र दाउरा ५.५ चट्टा साल, ३ चट्टा अन्य/मिश्रित गरी जम्मा ८.५ चट्टा) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्यमी/काष्ठको कारोवार गर्ने सूचीकृत फर्महरुले यो सूचना मिति २०८३/०५/२९ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**



# श्री कालीवन सामुदायिक वन उपभोक्ता समूह
**सरुमारानी गाउँपालिका वडा नं.-१, प्युठान**

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३।०५।२९

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार २०८३/०२/१७ गतेको हुरी वतासको कारण सामुदायिक वनको सिसौघारी क्षेत्रमा क्षति हुन गएका सिसौलगायत अन्य रुखहरुको कटान मुछान गरी उत्पादन भएका सामुदायिक वनको कालीवन चौतारी घाटगद्दी स्थलमा घाटगगद्दी गरी राखेको लट नं.१ को सिसौलगायत अन्य जातको गोलिया थान ९०५ को १८६२.३८ क्यु.फिट. काठ र दाउरा २ चट्टा जे जस्तो अवस्थामा छ, सो ही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्यमी/काष्ठको कारोवार गर्ने सूचीकृत फर्महरुले यो सूचना मिति २०८३/०५/२९ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**



# श्री जनकल्याण आधारभूत विद्यालय
**बबई गा.पा.-१ भाङ्गाबारी, दाङ**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना !

सूचना प्रकाशित मिति : २०८३।०५।२६ गते

बबई गाउँपालिका दाङको च.नं. ३३३ मिति २०८३/०५/२६ को प्राप्त अनुमतिपत्र र वि.ब्य.स.को मिति २०८३/०५/२६ गतेको बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त गा.पा. अनुदान शिक्षक पदपूर्तिका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**विज्ञापन नं.**: ०१/२०८३/०८४
**पद**: शिक्षक **संख्या**: १ **तह/श्रेणी**: नि.मा.वि तह
**किसिम**: गा.पा. अनुदान **विषय**: अंग्रेजी
**न्यूनतम शैक्षिक योग्यता**: आइ.एड. वा सो सरह
**आवश्यक कागजात**: हस्तलिखित निवेदन, सम्बन्धित विषयमा न्यूनतम प्रविणता प्रमाणपत्र (कक्षा १२) उत्तीर्ण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि थान १/१ प्रति र नागरिकता र अध्यापन अनुमतिपत्रको प्रतिलिपि थान १/१ प्रति
**दरखास्त दिने अन्तिम मिति**: २०८३/०६/०९ गते कार्यालय समयभित्र
**सम्पर्क मिति**: २०८३/०६/१० गते
**तलव**: गा.पा.को प्रचलित नियमानुसार
**आवेदन दस्तुर**: रु. १,५००।-
**सम्पर्क नं.**: ९८६८६३०१५० (प्र.अ.), ९८४१७८६६९१ (अध्यक्ष)
**इमेल**: janakalyanbasicscl2056@gmail.com


**प्रधानाध्यापक**



# नेसनल बाथरोग सेन्टर
(प्रधान कार्यालय काठमाडौंको व्यवस्थापनमा सञ्चालित)

## कान्तिपुर आर्थ्राइटिस एण्ड रुमाटिजम प्रा.लि.
तुलसीपुर-५, 'क' लाईन वि.पि. चोक, दाङ
फोन नं.: ०८२-५२०१०३, ९८५७८८०१०३

**हाम्रा सेवाहरू:**



- नशा तथा बाथरोग सम्बन्धी विशेषज्ञ सेवा ।
- स्त्री तथा प्रसुती रोग सम्बन्धी जाँच तथा उपचार सेवा ।
- प्रेसर, सुगर, थाईराइड, छातीरोग, मुटुरोग, मृगौला, कलेजो, निमोनिया, टाईफाईड एवं पाचन प्रणाली सम्बन्धी विशेषज्ञ सेवा ।
- बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म दैनिक ओ.पी.डि. सेवा ।
- नाक, कान तथा घाटी रोग सम्बन्धी विशेषज्ञ सेवा ।
- नबजात शिशु तथा बालरोग विशेषज्ञ सेवा ।
- शरीरमा हुने विभिन्न नसा तथा बाथरोगहरु अत्याधुनिक मेसिनद्वारा परीक्षण गरिने ।
- अल्ट्रासाउण्ड (2D, 3D, 4D) रंगीन भिडियो एक्स-रे र सादा X–RAY सेवा । ल्यावः रगत, दिसा, पिसाब, (Culture): अटो एनालाइजर मेसिनद्वारा बायो केमिकल टेष्ट ADA, HbA1c PT/INR, THYROID FUNCTION TEST: कुल्टर काउण्ट ।
- मेशिनद्वारा हेमाटोलोजी टेष्ट ।
- **फार्मेसी**: स्वदेशी तथा विदेशी औषधि बिक्री वितरण गर्ने ।
- परिवार नियोजन सम्बन्धी सेवा तथा सल्लाह ।
- Whole body चेकअपको लागि विशेष छुटको व्यवस्था ।


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com